2012 International Year of Cooperatives

COOPERATIVE ENTERPRISES BUILD A BETTER WORLD

मध्यपुर-थिमि बिस्काजात्रा

राजेन्द्र श्रेष्ठ, मालेकुले थिमि



"आर्थिक तथा सामाजिक समृद्धिको साझेदार"

सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि, शंखधर चोक, फोन : ६६३३२४६ इमेल : siddhartha_saccos@hotmail.com

"आपसी सहयोग, सामुहिक हित एवं आर्थिक उत्थानका लागि शंखधर बचत"

शंखधर बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि-१३, शंखधर चोक, फोन : ५६३९१८७ इमेल : shankhadhar_save@yahoo.com

"समृद्ध जिवनको शुभारम्भ"

ओसला बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि-१३, दथुटोल, फोन : ६६३६५४५ इमेल : oslasacoos@gmail.com

"बचतमा समझदारी, ऋणमा इमान्दारी, काममा जिम्मेवारी नै विश्वास सहकारी"

विश्वास बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि-७, बाहाखाबजार, फोन : ६६३८६३३ इमेल : bishwashbachat@gmail.com

पृष्ठभूमि



संस्कृति र परम्पराको जर्गेनामा तल्लीन् मध्यपुर थिमिवासीहरूले वर्षभरी मनाइने सानाठूला चाडपर्व मध्ये बिस्काजात्रा दशैंपछिको ठूलो चाड हो । काठमाडौं उपत्यकाका विभिन्न नेवारवस्तीहरूमा स्थानीय देवीदेवताहरूको खत जात्रा गरेर बिस्काजात्रालाइ्र धुमधामका साथ मनाउने गरिएको गरिएको पाइन्छ । तिनै जात्राहर मध्ये मधयपुर थिमि विस्काजात्रा एक प्रमुख जात्राको रूपमा लिन सकिन्छ । मध्यपुर थिमिको बिस्काजात्रा थिमि बालकुमारी जात्रा, जिब्रो छेड्ने जात्रा, सिन्हःजात्रा आदि उपनामबाट पनि चिनिन्छ । यस जात्रामा थिमि क्षेत्रको २३, नगदेशको १, बोदेको ७ र तिगनीको १ गरी ३२ देवीदेवताहरूको सहभागि गराइन्छ । त्यसैले यसलाई स्वीनिखा (बत्तीस खत) जात्रा भनेर पनि चिनिन्छ ।

संस्कृति निर्माण एवम् जगेर्नामा निपुण नेवार समुदायले समयसापेक्ष यसको विकास एवम् विस्तार गर्दै आफूलाई सम्वृद्ध बनाएका छन् । यसलाई पुष्टि गर्दै संस्कृति र संस्कार हराउँदै जान थालेको आजको समयमा मध्यपुर थिमिमा भने युवा पुस्ताको सक्रियतामा नयाँ संस्कृतिको निर्माण भएको छ । स्थानीय समाजसेवीहरूको पहल र टोलबासीको सक्रिय सहभागितामा विगत २ वर्ष देखि मध्यपुर थिमि नगरपालिकाको लोहकिन्थलीमा खतजात्रा संचालनमा आएको छ । मध्यपुर थिमि बिस्काजात्रासँगसँगै संचालन हुँदैआएको उक्त जात्राले नगरको संस्कृतिलाई मात्र धनी बनाएको छैन परम्परागत संस्कृतिको जगेर्नामा चुकेका वा त्यसबाट बिमुख हुन थालेका व्यक्ति एवम् सरोकारवाला संस्था एवम् निकायहरूलाई समेत झक्झक्याउनेछ भन्ने आशा गर्न सकिन्छ ।

इतिहास

बिस्काजात्रा सम्बन्धी प्रचलित किम्बदन्ती अनुसार कुनै समयमा एकजना राजकुमारीको नाकबाट निस्केको सर्पले उनकै वरको हत्या गर्नेगरेको र पछि एक जना आँटिलो वरले उक्त सर्पलाई मार्न सफल भएको खुशियालीमा उही मृत सर्पको प्रतिकस्वरूप हलिंपताः फहन्याएर बिस्यात (अर्थात् नेपाल भाषामा बिको अर्थ सर्प र स्यातको अर्थ मान्यो) भन्दै जात्रा मनाउन थालिएको र कालान्तरमा यही शव्द बिस्यात नै बिस्केटमा रूपान्तरण भएको भनिन्छ । तर प्राप्त विभिन्न अभिलेखमा उल्लेखित तथ्यहरूले उक्त किम्बदन्तीलाई भने प्रमाणित गर्दैन ।

बिस्काजात्रा कसले र कहिलेबाट संचालनमा ल्याइयो भन्ने सम्बन्धमा कुनै सामग्री हालसम्म फेला पार्न सकिएको छैन । प्राचीन ग्रन्थ गौतमी पुराणमा बिस्काजात्राबारे यस्तो उल्लेख भेटिन्छ - चैत्रे च विश्वयात्रां ध्वजस्योत्थानकं चरेत्, सर्वेदुःखा विनश्यन्ति सर्वशत्रु क्षयाय च, ध्वज भञ्जनकं क्रियते संक्रमे दिन ।। अर्थात् चैत्र र विश्वयात्रा (सूर्य मिन राशीबाट मेष राशीमा प्रवेश गर्ने बेला) मा ध्वजोत्थान गर्दा सम्पूर्ण दुःखकष्ट नाश भई सबै शत्रु क्षय हुन्छ र संक्रान्तिको दिन सो ध्वजा ढाल्नू । यसबाट दुःखकष्ट नाश हुने धार्मिक विश्वासले विश्वयात्राको अवसरमा गरिँदै आएको ध्वजोत्थान वा यःसिं ठड्याउने कार्य कालान्तरमा बिस्काजात्राको रूपमा विकास भएको देखिन्छ । अहिले पनि यःसि ठड्याएको दिनदेखि जात्रा प्रारम्भ हुने र यःसिं ढालिएपछि जात्रा सम्पन्न हुने प्रचलन रहि आएको छ । अर्कोतर्फ य र ज अक्षरलाई कतिपय अवस्थामा एक अर्काको पर्यायको रूपमा समेत प्रयोग गर्ने गरिएको पाइन्छ जस्तै यजमान/जजमान,



योगि/जोगि, युग/जुग आदि । यसबाट विश्वयात्रा शब्द विश्वजात्रामा रूपान्तर हुनु अनौठो देखिन्न भने बिश्वयात्रामा फहराइने ध्वजालाई बिश्वध्वज भन्नु स्वभाविक छ । बिस्काजात्रामा फहऱ्याइने ध्वजालाई नेपाल भाषामा हलिंपताः भनिन्छ जसको शाब्दिक अर्थ हलिं (विश्व) र पताः (ध्वजा) अर्थात् विश्वध्वज हो । यसले पनि हलिंपताः वा विश्वध्वज फहऱ्याउनु नै बिस्काजात्रा हो भन्ने कुरा पुष्टि हुन्छ । पछि संस्कृति निर्माणमा निपुण नेवार समुदायले ध्वजोत्थान गरी मनाइने उक्त जात्रालाई थप रमाइलो बनाउन खतजात्रा समेत गर्न थालिएको देखिन्छ । यसरी बिस्काजात्रा कसले कुन समयदेखि सुरुवात गरे भन्नेबारे पुष्टि गर्ने आधार नभेटिए पनि यःसिं ठड्याउने कार्य नै बिश्वजात्राको प्रारम्भिक प्रचलन हो भन्न सकिन्छ ।

भक्तपुर टौमढी टोलस्थित भैरब मन्दिरसँगै रहेको ढुङ्गेधाराको शिलापत्र बिस्काजात्रा उल्लेखित हालसम्मको सबभन्दा पुरानो सामग्री हो । ने.सं. ५६१ मा यक्ष मल्लद्वारा राख्न लगाइएको उक्त शिलापत्रमा "...इन्द्रजात्रा कोन्हु ।।... बिश्वजात्रा कोन्हु ।। थ्वते दिन..." उल्लेख छ । त्यस्तै गरी पशुपतिक्षेत्रमा रहेको एउटा ताम्रपत्रमा बैशाख संक्रान्तिलाई विश्व संक्रान्ति भनेको पाइन्छ । यसरी नै अधिकांश लिखतहरूमा बिस्काजात्रालाई बिश्वजात्रा लेखिएको पाइन्छ । यसबाट पनि बिस्काजात्राको आदिरूप बिश्वजात्रा नै भएको पुष्टि हुन्छ ।

थिमि थामाथलिको जग्गा किनबेचसम्बन्धि एउटा तमसूकमा चारकिल्ला खुलाउने क्रममा बिस्काजात्रा गुथिको उल्लेख आएको छ । नेसं. ६४१ को उक्त तमसुकमा "... श्री थेमि ...थमाथलिखेल भुमेन पश्चिमत्त ...विसक जात्रा गुथिया भाड भूमेण दषिनत ।।..." यसरी नेसं. ६४१ तिरै थिमिमा बिस्काजात्रा गुथि सम्बन्धी अस्तित्वमा रहेबाट मध्यपुर थिमि बिस्काजात्राको इतिहासलाई अझ अगाडि धकेल्छ । तर अध्ययनको क्रममा बिस्काजात्रामा सहभागी हुने एवम् महत्वपूर्ण भूमिका राख्ने देवीदेवताहरूको स्थापना समेत ने.सं. ७७० पछि मात्र गरिएको तथ्यले हालको खत जात्रा उक्त समयमा प्रचलनमा आइसकेको थियो वा थिएन भन्न गाह्रो छ । तर यसले यहाँको खतजात्रा सम्बन्धी अध्ययनलाई थप चाखलाग्दो बनाइदिएको छ ।

स्वीनिखा जात्रा



मध्यपुर थिमि बिस्काजात्रा भन्ने बित्तिकै सामान्यतः थिमि बालकुमारीको खत जात्रा भनेर बुझ्ने गरिन्छ । तर उक्त जात्रा अन्तर्गत स्थानीय बालकुमारी, चपाचो, नगदेश, बोदे, तिगनि क्षेत्रमा गरिने बिभिन्न देवीदेवताको खतजात्राहरू पर्दछन् । पछिल्लो समयमा चर्खण्डी र लोहकिन्थलीमा समेत जात्राको विकास भएका छन् । विभिन्न देविदेवताहरूको नेतृत्वमा सम्पन्न हुने ती जात्राहरूलाई निम्नानुसार वर्गिकरण गरेर अध्ययन गर्न सकिन्छ ।

(१) बालकुमारी जात्रा, थिमि
(२) दक्षिणबाराही जात्रा, थिमि
(३) विष्णुवीर जात्रा, थिमि
(४) सिद्धिकाली जात्रा, थिमि
(५) सिद्धिगणेश जात्रा, नगदेश
(६) कालिका जात्रा, बोदे
(७) नीलबाराही जात्रा, तिगनि
(८) चरखण्डी जात्रा, चरखण्डी
(९) सिद्धिकाली जात्रा, लोहकिन्थली

दक्षिणबाराही गण जात्रा

यो जात्रा दधिकोट गाविसको क्वाछेस्थित दक्षिणबाराहीको नेतृत्वमा वैशाख १ गतेको राती (३ बजेतिर) सम्पन्न हुन्छ । चान्हसिया जात्रा भनेर पनि चिनिने यस जात्रामा दधिकोट, हिंचोकस्थित हरिसिद्धि र थिमि, यमाटोलस्थित अजिमा सहित ३ वटा खतको सहभागीता रहन्छ । यो जात्रा बालकुमारी क्वहां बिज्याकेगु अर्थात् थिमिको नगरदेवता बालकुमारीलाई स्थानीय लायकूबाट क्वलाखुस्थित बालकुमारी मन्दिरमा प्रदर्शन गर्न लगिने जात्रा सम्पन्न भए लगत्तै प्रारम्भ हुन्छ । दक्षिणबाराही गुथि आयोजकको घरबाट प्रारम्भ हुने यस जात्रा नगरको विभिन्न स्थानहरूको परिक्रमा क्वलाखु पुगेर सम्पन्न हुन्छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची १)

विष्णुवीर गण जात्रा



यो जात्रा सुंगास्थित विष्णुवीरको नेतृत्वमा बैशाख १ गतेको साँझ (५ बजेतिर) सम्पन्न हुन्छ । बायलिंसिया जात्रा भनेर चिनिने यो जात्रा इनायलाछि टोलस्थित राजगणेशको उपस्थितिमा स्थानीय कयकूतां टोलबाट प्रारम्भ भई नगरको विभिन्न स्थानको परिक्रमा पश्चात् क्वलाखु टोलमा पुगेर सम्पन्न हुन्छ । स्थानीय द्वंदः, भुलांखेल, वाःननि, बागःतुंथिबाट दक्षिणपूर्वको भागमा संचालन हुने यस जात्रामा पर्सिक्व गणेश (पर्सिक्व टोल), दताः गणेश (दथुटोल), भादे गणेश(वामुने टोल), थास्वमा गणेश (क्वलाखु टोल) र गांताः गणेश (तछुटोल) गरी ६ वटा खतको सहभागिता रहन्छ ।

जात्राको लागि विष्णुवीरको खत सुंगा टोलबाट कयकूतां पुऱ्याउने क्रममा घिमेबाजाको सट्टा सिबाजं (शवयात्रामा बजाइने बाजा) बजाइने र जात्रामा पनि मलामीको रूपमा सहभागी हुने प्रचलन यो जात्राको रोचक पक्ष रहेको छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची २)

सिद्धिकाली गण जात्रा



बाँयलिसिया जात्रा अन्तर्गत बैशाख १ गतेको साँझ (५ बजेतिर) थिमि, इनायक्व स्थित सिद्धिकालीको नेतृत्वमा चपाचो क्षेत्रमा अर्को जात्रा सम्पन्न हुन्छ । विष्णुवीर जात्रा लगत्तै प्रारम्भ हुने यो जात्रा स्थानीय टोलहरू द्वंदः, भुलांखेल, वाःननिबाट उत्तरपश्चिमको भागमा संचालन हुन्छ । विष्णुवीर गणको जात्रा प्रारम्भ भएपछि राजगणेशकै उपस्थितिमा स्थानीय इनायक्व टोलबाट प्रारम्भ हुने यस जात्रा नगरको विभिन्न स्थानको परिक्रमा गरी थिमि, चिवाःलाछिमा पुगेर समापन हुन्छ । यस जात्रामा चोदे गणेश (चोदे), चपाचो गणेश (चपाचो), क्वसि गणेश (द्वंदः), दिगु गणेश (दिगुटोल), गांचा गणेश (गांचानि) र सिवाः गणेश (सिवाःटोल) को सहभागिता रहन्छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची ३)

बालकुमारी जात्रा



क्वलाखु टोलमा यःसिं ठड्याएपछि (यःसिं ठड्याउने प्रचलन अचेल हराइसकेको छ) औपचारिक रूपमा बिस्काजात्रा प्रारम्भ हुने भएपनि चैत्र मसान्तको दिन बालकुमारीको मूल गहना क्वलाखु स्थित बालकुमारी मन्दिरमा भित्र्याएपछि खतजात्रा प्रारम्भ हुन्छ । बालकुमारी जात्रा थिमिको मूल जात्रा हो । यसलाई सुथसिया जात्रा भनिन्छ । बैशाख २ गते बिहान (८ बजेतिर) प्रारम्भ हुने यस जात्रामा थिमि क्षेत्रका दक्षिणबाराही गण, विष्णुवीर गण, सिद्धिकाली गण लगायत २३ देवीदेवताको खतहरूको सहभागीता रहन्छन् । यी सबै खतहरू र नगदेशको सिद्धिगणेश क्वलाखु टोलमा भेला भएलगत्तै थिमि लाय्कूका प्रतिनिधि (कसः खलक) ले सिउ र सिन्दुर चढाएर जात्रा प्रारम्भ गर्छ । नगदेश सिद्धिगणेशको उपस्थितीपछि मात्रै बालकुमारी जात्रा प्रारम्भ गरिने प्रचलन रहिआएको भएपनि केहि वर्षदेखि सिद्धिगणेश थिमि आउने परम्परा रोकिएपछि उनको सहभागिता बिना नै जात्रा संचालन हुँदै आएको छ । जात्रा प्रारम्भ भए लगत्तै सिद्धिगणेश एक्लै आफ्नो पृथक परिक्रमा मार्ग (हेर्नुस् परिक्रमा मार्ग अनुसूची ५) हुँदै तिगनी प्रवेश गर्दछ भने अन्य खतहरू थिमिको क्वलाखुदेखि दिगु टोलसम्मको रूटमा जात्रा गरिन्छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची ६) यसरी जात्रा गरिने २३ वटा खतहरू ३ समुहमा छुट्टिएर जात्रा गरिन्छ । जात्रा प्रारम्भ हुने बित्तिकै विष्णुवीर गण दिगुटोलको भैरव मन्दिर परिक्रमा गरेर आई लाय्कूको मूलद्वार छेक्ने गरी बिसाउँछ । यता बालकुमारी गण क्वलाखुबाट लाय्कू हुँदै दिगु टोलतिर लाग्दछ । बालकुमारी दिगु टोलतिर लागेपछि विष्णुवीर गण क्वलाखुतिर लाग्दछ र बालकुमारीको पछिपछि आउँदै गरेको बाराहीगण पालो फेर्दै लाय्कूको मूलद्वार छेक्ने गरी बिसाउँछ । बालकुमारी गण दिगुटोल घुमेर पुनः लाय्कू हुँदै क्वलाखुतिर लागेपछि दक्षिणवाराही गण दिगुटोलतिर लाग्दछ र विष्णुवीर गण आएर लाय्कूको मूलद्वार छेकेर बिसाउँछ । यसरी विष्णुवीर गण र दक्षिणवाराही गण पालैपालो गर्दै, लाय्कूको मूलद्वार छेक्दै जात्रा गरिन्छ । यसरी दिगुटोलको भैरव मन्दिर एवम् क्वलाखुटोलको बालकुमारी मन्दिर तीनतीनपल्ट परिक्रमा गरिपछि बालकुमारीलाई लाय्कू प्रवेश गर्न दिइन्छ । यसरी बालकुमारीको लाय्कू प्रवेशसंगै जात्रा सम्पन्न हुने भएकोले जात्रालाई पूर्ण अवधीसम्म संचालन गर्न यस्तो प्रचलन रहि आएको बताइन्छ । यसपछि सबै खत आ-आफ्नो गन्तत्व तिर लाग्दछ र जात्रा सम्पन्न हुन्छ । तर बैशाख २ गते शनिवारको दिन परेमा बिष्णुवीर गण र दक्षिणबाराही गण दधिकोटको कवाछें स्थित दक्षिण बाराही मन्दिर दर्शन गर्न जानुपर्ने प्रचलन रहेको छ । यसअघि बैशाख १ गतेको राती बालकुमारी प्रतिमा र कालिकालाई थिमि लाय्कूबाट क्वलाखु टोल स्थित बालकुमारी मन्दिरमा लगेर प्रदर्शनीमा राखिन्छ । यसलाई स्थानीय भाषामा बालकुमारी क्वहाँ बिज्याकिगु भनिन्छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची ८)

सिद्धिगणेश जात्रा, नगदेश

मध्यपुर थिमि बिस्काजात्रा अन्तर्गत नगदेश क्षेत्रमा सिद्धि गणेश (नगदेश) जात्रा सम्पन्न हुन्छ । सिद्धिगणेश जात्रा बैशाख १ र २ गते संचालन गरिन्छ । बैशाख १ गते बेलुका (९ बजेतिर) को जात्रालाई बहनीसिया जात्रा भनिन्छ । यो जात्रा स्थानीय लाछिटोलबाट प्रारम्भ हुन्छ । नगदेश लाय्कूका प्रतिनिधिले सिद्धिगणेशलाई धनिचास्वां (एक प्रकारको फूल) र सिंदूर चढाएपछि सुरू हुने यो जात्रा नगदेशका विभिन्न टोलहरूको परिक्रमा पछि लाछिटोल पुगेर सम्पन्न हुन्छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची ९)

सिद्धिगणेशको अर्को जात्रा बैशाख २ गते बिहानबाट प्रारम्भ हुन्छ । यस जात्रामा अघिल्लो दिन झैं नगदेशका विभिन्न टोलको परिक्रमा गराई सिद्धिगणेशलाई बाहाखा बजार, भिमसेन चोकबाट थिमिको मूलसडक हुँदै क्वलाखु टोल पुऱ्याइन्छ । यहाँ बालकुमारी जात्रा प्रारम्भ गराएर सिद्धि गणेशलाई थिमिको विभिन्न स्थानको परिक्रमा गरेर बाहाखा मिलरोड हुँदै सानुच्व पुऱ्याइन्छ । सिद्धिगणेशको स्वागतार्थ यहाँ प्रतिक्षारत निलबाराहीसंगै तिगनीको तःधंटोल पुगेर पूजा थाप्ने काम हुन्छ । त्यसपछि तिगनीको विभिन्न स्थानहरूको परिक्रमा पश्चात दुईटै खत नगदेश लगिन्छ र नगदेशको विभिन्न टोल घुमेर न्याःगाः टोल स्थित द्यःछेँ प्रांगणमा पुगेर सिद्धि गणेश जात्रा सम्पन्न हुन्छ ।

कालिका जात्रा

जिब्रो छेड्ने प्रचलनले बोदे नगरको जात्रालाई पृथक पहिचान दिएको छ । मध्यपुर थिमिमा संचालन हुने अधिकांश जात्रामा मूलदेवताको नेतृत्व भइरहेको देखिन्छ तर बोदेको नगरदेवता महालक्ष्मी पछाडी बसेर स्थानीय पाचो गणेशलाई जात्राको नेतृतव गर्न दिइएको पाइन्छ । त्यस्तै स्थानीय कालिकालाई नगरको नकिं (थकाली) भएकोले हेरचाहपूर्वक सम्पूर्ण देवीदेवताको पछाडि आफू बसेर जात्रामा सहभागि हुने गरेको एवम् सबै देवीदेवतालाई आ-आफ्नो स्थानमा विसर्जन गराई अन्तिममा आफू गन्तव्यतिर लाग्ने प्रचलन रहि आएको छ । कालिकाको लसकुस (घर भित्र्याउने कार्य) मा सम्पूर्ण नगरबासीहरू निकै आस्थापूर्वक चिलाख लिएर सहभागि हुने र यसको समापनसंगै जात्रा सम्पन्न भएको मानिन्छ । यसरी बोदेको खत जात्रामा नेतृत्व सम्बन्धी अध्ययन चाखलाग्दो छ । बोदेमा बैशाख १ बेलुकी र २ गते बिहान जात्रा संचालन हुन्छ ।

बैशाख १ गते बेलुका (११ बजेतिर) कालिकालाई स्थानीय लाछिटोलबाट बाजागाजा र चिलाखसहित तांक्वस्थित कालिका मन्दिरमा लगिन्छ । यसलाई बहनिसिया जात्रा भनिन्छ । यसक्रममा कालिकालाई त्यहिं छोडी सबै जना आ-आफ्नो घरतिर लाग्दछ भने भोलिपल्ट वा सोहि रातीको बिहानपख (उज्यालो नहुँदै) कालिकालाई कसैले थाहा नपाउने गरी सुटुक्क पाचोटोल ल्याइ पुऱ्याउँछ ।

बैशाख २ गते बिहान अर्को जात्रा प्रारम्भ हुन्छ । पाचो टोलस्थित पाचो गणेशको नेतृत्वमा संचालन हुने जात्रामा ७ देवीदेवताको खत सहभागिता हुन्छ । जिब्रो छेड्ने जात्रा लगत्तै पाचो टोलबाट प्रारम्भ हुने यस जात्रा पाचो गणेश, हासिमला गणेश, भोरिखा गणेश, महालक्ष्मी र कालिकालाई लिएर खाँसीटोल पुग्छ । यहाँबाट ध्वंबाराही र गःसिबाराही समेतलाई सहभागी गराएर नगरका बिभिन्न टोलको परिक्रमा पश्चात् पुनः लाछिटोल पुगेर कालिकाको लसकुस लगत्तै जात्रा सम्पन्न हुन्छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची ७)



बैशाख २ गते दिन (१२ बजेतिर) बोदेमा जिब्रो छेड्ने जात्रा संचालन हुन्छ । यस दिन स्थानीय पाचो टोलस्थित गणेश मन्दिरनिरको पाटी अघिल्तिर बनाइएको अग्लो मञ्चमा जिब्रो छेड्ने गरिन्छ । यस क्रममा पःमां तथा जिब्रो छेडाउने कर्मिनाइके, जिब्रो छेड्ने सियो बनाउने नकर्मि क्रमशः बाजागाजसहित पाचोटोल आइपुगेपछि जिब्रो छेड्ने व्यक्ति आइपुग्छन्। उनलाई बाजागाजासहित तीनपल्टसम्म बोलाउन

जानुपर्ने प्रचलन रहेको छ । त्यसको लगत्तै पःमांबाट सियो हस्तान्तरण गरेर लिई कर्मिनाइकेद्वारा जिब्रो छेडाउने गरिन्छ । जिब्रो छेडिसकेपछि सियोलाई जिब्रोमा अड्काएर बलेको भ्यय् (बाँसद्वारा निर्मित अर्धवृताकार बत्तिको समुह) बोकेर आफ्नो इच्छा अनुसार नगर परिक्रमा गर्दछ । यसरी जिब्रो छेड्ने व्यक्ति नगर परिक्रमामा निस्केपछि जात्रा शुरू गरी लायकूको बारेननि, विष्णुघाट टोल हुँदै भांगु टोल पुऱ्याइन्छ र यहाँ पाचो गणेशको उपस्थितिमा कर्मिनाइकेले छेडेको सियो निकालेर महालक्ष्मी मन्दिर उत्तरतिरको गणेश मन्दिरमा ठोक्ने गरिन्छ । यसपछि नगरका विभिन्न टोलहरूको परिक्रमा गराइन्छ । जिब्रो छेड्ने कार्य सम्पन्न नभएसम्म बोदेको खतजात्रा प्रारम्भ गर्न नहुने परम्परा रहेको छ ।

नीलबाराही जात्रा, तिगनी



तिगनीस्थित नीलबाराही काठमाडौँ उपत्यकाका चार बाराहीहरूमा पर्दछ । मध्यपुर थिमि बिस्काजात्रा अन्तर्गत स्थानीय तिगनी क्षेत्रमा यसको जात्रा गरिन्छ । विभिन्न माध्यम मार्फत् बोदे, थिमि, नगदेशका जात्राहरु प्रचारप्रसारमा आउने गरे पनि यिनै जात्रासँग हातेमालो गर्दै सम्पन्न भइरहेको निलबाराही जात्राले भने कहिं कतै पनि लेखिने वा देखिने मौका पाएनन् ।

नीलबाराही जात्रा बैशाख १ गतेको दिन बेलुकीपख (८ बजेतिर) बाट सुरू हुन्छ । यस क्रममा स्थानीय तःधं टोलमा राखिएको नीलबाराहीलाई सरस्वती खेल पुऱ्याइन्छ र यहाँबाट फर्काएर पुनः तःधं टोलस्थित डबलीमा बिसाएपछि यस दिनको जात्रा सम्पन्न हुन्छ । नीलबाराहीको अर्को जात्रा बैशाख २ गते बिहान (११ बजेतिर) हुन्छ । यस क्रममा नगदेश र बोदेबाट तिगनि ल्याइने देउताहरूको बाटो हेर्न निलबाराहीलाई स्थानीय सानुच्च (सानुटार) सम्म ल्याई पुऱ्याईन्छ । यहाँबाट सिद्धि गणेश र महालक्ष्मी गण समेतको सहभागितामा तिगनी पुगेर तःधं टोलस्थित डबलीमा बिसाई पूजा थाप्ने गरिन्छ । यसपछि तिगनीका विभिन्न टोलहरु परिक्रमा गराई सबै खत नगदेश लगिन्छ र नगदेशको विभिन्न टोलको परिक्रमापछि सिद्धिगणेश जात्रा सम्पन्न हुन्छ भने नीलबाराही र महालक्ष्मी गण थिमिको बालकुमारीसम्म पुगेर जात्रा गरिन्छ । यहाँबाट बोदे पुगेर महालक्ष्मी गणको विश्राम पछि नीलबाराही अघिल्लो दिनम झैं सरस्वतीखेलसम्म पुगेर जात्रा गरिन्छ । यहाँबाट फर्केर नीलबाराही मन्दिर परिक्रमा गरी तःधं टोल पुगेपछि जात्रा सम्पन्न हुन्छ ।

यसरी तिगनी, बोदे, नगदेश र थिमिका देवीदेवताहरू विभिन्न क्षेत्रमा पुगेर गरिने जात्रा हाल आएर आ-आफ्नै स्थानमा मात्र जात्रा हुन थालेको छ । यसले परम्परा त मासिएको छ नै, जात्राको रौनकतामा पनि ह्रास आएको छ ।

सिद्धिकाली जात्रा, लोहकिन्थली

विगत दुईवर्ष देखि संचालनमा आएको लोहकिन्थलीको सिद्धिकाली खतजात्रा थिमि इनायक्व स्थित सिद्धिकाली जात्रालाई आधार बनाई निर्माण गरिएको छ । ऐतिहासिक वस्ती थिमिबाट बसाइ सर्ने क्रममा लोहकिन्थली पुगेका स्थानीयबासीहरू आफ्ना नगरदेवताको जात्रामा सरिक हुन हरेक वर्ष बाजागाजा सहित लोहकिन्थलीबाट थिमिसम्म जाने गरेको भएपनि आफ्नै गाउँघरमा जात्राको रौनक महशुस गरी पछिल्लो समयमा जात्राको विकास गरिएको बताइन्छ । यो जात्रा दुई दिन संचालन गरिन्छ । लोहकिन्थली चोकबाट ३ सयमिटर जति दक्षिणतिर दिव्यश्वरी मन्दिरनिर मूल सडकमा पर्ने गणेश मन्दिर प्राङ्गणबाट प्रारम्भ हुने बैशाख १ गते (साँझ ५ बजे) को जात्रालाई बाँयुलिसिया जात्रा नामांकरण गरिएको छ । यस दिनको जात्रा अघि बाजागाजासहित स्थानीय सिद्धिकालीलाई भोखा टोलस्थित द्यःछेँबाट दिव्यश्वरी मन्दिरनिरको गणेश मन्दिरमा प्रदर्शनी गर्न लगिन्छ । यहाँ १०/१५ बिसाएर पूजा थापेपछि जात्रा शुरू हुन्छ । जात्राको क्रममा लोहकिन्थली चोकबाट दक्षिण र उत्तरतिरका पुरानावस्तीहरू परिक्रमा पश्चात् पुनः द्यःछेँ आएर त्यसदिनको जात्रा सम्पन्न गरिन्छ । सुथसिया जात्रा भनेर नामाकरण गरिएको बैशाख २ गतेको जात्रा बिहान (८ बजेतिर) प्रारम्भ हुन्छ । द्यःछेँबाट शुरू हुने उक्त जात्रा अघिल्लो दिनकै मार्ग भएर संचालन गरिन्छ भने यस दिन लोहकिन्थली चोकको उत्तरतिरका थप केही टोलहरूको समेत परिक्रमा गराइन्छ । यसरी विभिन्न टोलहरूको परिक्रमापछि पुनः द्यःछेँमा आई जात्रा सम्पन्न गरिन्छ । (हेर्नुस् परिक्रमा मार्ग अनुसूची ४)



चरखण्डी जात्रा, चरखण्डी



आज भन्दा १०९ बर्ष अघि संचालनमा आएको चरखण्डी जात्रा पनि थिमिसँग सम्बन्धीत भएकोले यसलाई पनि मध्यपुर थिमि बिस्काजात्रा अन्तर्गत लिन खोजिएको छ । थिमिका बासिन्दा बसाई सर्ने क्रम चरखण्डी पुगेको र परम्परा देखि मनाउँदै जात्राको अभाव महशुस हुन थालेपछि जात्रा निर्माण गरी संचालन गरेको बुझिन्छ । शुरुमा एक खतबाट संचालनमा आएको जात्रालाई पछि थप विकास दुइ खत गरिएको छ । हाल यस जात्रालाई स्थानिय पकाण्डोलदेखि गाम्चासम्म संचालन गरिदै आएको छ । थिमिको बालकुमारी क्वहाँविज्याकि जात्रा सम्पन्न भए लगतै यो जात्रा संचालन गरिने प्रचलन रहेको छ ।

बैशाख १ गतेका दिन साँझ (४ बजेतिर) चरखण्डी तिर्थस्थलबाट खतलाई उठाइ जात्रा गर्ने कार्य हुन्छ र जात्रा गर्दै पुनः पकाण्डोल लगिन्छ । पकाण्डोल पुगेर डबलीमा खत बिसाएपछि यस दिनको जात्रा सम्पन्न हुन्छ ।

बैशाख २ गतेको दिन बिहानै देखि खत जात्रा गर्दै पकाण्डोलबाट चरखण्डी तिर्थस्थल पुऱ्याइन्छ । यहाँबाट न्यौपाने गाउँ, धैयाटार हुँदै गाम्चासम्म पुगेर जात्रा गरिन्छ । यहाँ स्थानीयबासीहरू पूजा थापेर पुन सोही बाटो फर्केर पकाण्डोल पुगेर आफ्नो मण्डलमा विसाएपछि जात्रा सम्पन्न हुन्छ । दुई खत मध्ये एक खत भने गाम्चा नपुगीकन नयापने गाउँबाट पकाण्डोल फर्किने प्रचलन रहिआएको छ ।





अनुसूची १

दक्षिणबाराही जात्रा

प्रयोग गरिने परिक्रमा मार्ग



अनुसूची २

विष्णुवीर जात्रा

प्रयोग गरिने परिक्रमा मार्ग



अनुसूची ३
सिद्धिकाली जात्रा
प्रयोग गरिने परिक्रमा मार्ग



अनुसूची ४
सिद्धिकाली जात्रा (लोहकिन्थली)
प्रयोग गरिने परिक्रमा मार्ग



अनुसूची ५
थिमि भित्र सिद्धिगणेश जात्रा
प्रयोग गरिने परिक्रमा मार्ग



अनुसूची ६

बालकुमारी जात्रा

प्रयोग गरिने परिक्रमा मार्ग



अनुसूची ७

कालिका जात्रा

प्रयोग गरिने परिक्रमा मार्ग



अनुसूची ८

बालकुमारी प्रदर्शनी जात्रा

प्रयोग गरिने परिक्रमा मार्ग

अनुसूची ९

सिद्धिगणेश जात्रा

प्रयोग गरिने परिक्रमा मार्ग


बालकुमारी (क्वलाखुद्य:)

कालिका (वालखुद्य:)


दक्षिणबाराही (क्वाछुँद्य:)


हरिसिद्धि (हिंच्वद्य:)

अजिमा (अजिमाद्य:)

विष्णुवीर (सुंगा:द्य:)

प्रथम गणेश (पर्सिक्व गणेद्य:)

गुरु गणेश (दता:गणेद्य:)

अष्ट विनायक (भादेइनाय्)


स्थानेशवर गणेश (थास्मा गणेद्य:)

तद्यु गणेश (गांता गणेद्य:)

नारायण (नारांद्य:)


सिद्धिकाली (इनायक्वद्य:)

गुरु गणेश (चोदे गनेद्य:)

क्वसि गणेश(कवसिना गणेद्य:)


चापाचो गणेश (दु इनाय्द्य:)


राजगणेश (इनालाछि गणेद्य:)


दिगु गणेश


गांचाननि गणेश

सिद्धिगणेश (सिवा:गणेद्य:)

सिद्धिगणेश (नरस गणेद्य:)


महालक्ष्मी


त:धि बाराही


चीधि बाराही

भोरिखा गणेश

पाचो गणेश



कालिका



हासिमला गणेश



निलबाराही (तिगनी)







पुनश्चः माथि पनि उल्लेख गरिसकिएको छ, मध्यपुर थिमि बिस्काजात्रामा ३२ खतको सहभागिता हुने भएकोले यसलाई स्वीनिखा जात्रा भनेर पनि चिनिन्छ तर विविध कारणवशः अहिले आएर यस जात्रामा थिमिका तीन खतहरू (हिपाःद्यः, मनबिनायक व वटुक भैरव) को सहभागिता देखिंदैन भने नारायणको खत पनि जात्रा नगरी प्रदर्शनीमा मात्र राख्ने गरिएको पाइन्छ । अर्कोतर्फ परम्परादेखि प्रचलित थिमि, नगदेश, बोद, तिगनीबीच जात्राको अन्तर्सम्बन्ध, जात्राको आवतजावत; जसको बारेमा हामीले सुन्दै आयौं, आज देख्न पाईंदैन ।

आशा गरौं नयाँ नयाँ जात्रा र मन्दिरको निर्माण अझ भनौं नयाँ नयाँ संस्कृतिको निर्माण हुन थालेको आजको समयले परम्परागत जात्रालाई कसरी जीवन्त बनाउने, हाम्रा पूर्वजले स्थापना गरेर गएको जात्राको स्वरूपलाई कसरी पुनर्जिवित गर्ने भन्नेबारे सरोकारवाला लगायत सम्पूर्ण नगरबासीहरूमा निःसन्देह उत्साह र उर्जा थप्नेछ, सचेतना जगाउनेछ र जात्राको ऐतिहासिक स्वरूपको पुनर्जन्म हुनेछ । वास्तवमा हाम्रा पूर्वजहरू प्रतिको सम्मान एवम् हाम्रा भावी पुस्ताहरू प्रतिको जिम्मेवारी यहि हुनेछ । धन्यवाद ।



"जनचेतना र बिकासका लागि स्वतन्त्र र निष्पक्ष सूचना प्रवाह"
मध्यपुर संचार समाज
मध्यपुर थिमि, भक्तपुर, फोन : ६६३३११६

"आर्थिक विकास र सामाजिक रूपान्तरणको लागि सहयोगी"
सहयोगी बचत तथा सेवा केन्द्र सहकारी संस्था लि.
मध्यपुर थिमि-१३, बालकुमारी, फोन : ६६३३४९५

"सफलताको लागि हरपल सहयोगी"
बाबा बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-१३, शंखधर चोक, फोन : ५६३९४५९

"आर्थिक तथा सामाजिक विकासका लागि बचत गरौं"
शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-१४, शंखधर चोक, फोन : ५६३९१९१

कृतज्ञता

सर्वप्रथम बिस्काजात्रा २०६९ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना टक्र्याउँछ।

अध्ययन र जानकारी संकलनको क्रममा आफ्ना अमूल्य समय दिएर अल्छी नमानीकन यथासक्य सहयोग गर्नुहुने निम्न साथीहरु एवम् महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

नगदेशबाट	राजकुमार बाडेजु, कृष्ण बहादुर घजु
थिमिबाट	कृष्णलाल गोजा श्रेष्ठ, ज्ञानमुणी वज्राचार्य, कृष्णचरण श्रेष्ठ, बालकृष्ण पात्या, तुईलाल कायस्थ
बोदेबाट	विनोद खम्बू, दिलभक्त जयना
लोहकिन्थली	जगतकृष्ण प्रजापति
चरखण्डीबाट	रत्न सायमि

साथै पुस्तिका प्रकाशनको लागि पहल गर्ने भनौं मेरो प्रयासलाई मूर्तरुप दिन अनुरोध गर्ने सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि.तथा यस संस्थाका सचिव/प्रबन्ध संचालक साथी श्री राजेश श्रेष्ठलाई धन्यवाद नदिइ रहन सक्दिन । थन्किरहेको यो मेरो प्रयासलाई पुस्तिकाको स्वरुपमा तपाईंको हातसम्म पुऱ्याउन प्रकाशन गरिदिने मध्यपुर थिमिका सहकारी संस्थाहरु र मध्यपुर संचार समाजलाई नमन गर्दछु। अध्ययनको क्रममा जानअन्जानपूर्वक सहयोग पुऱ्याउनु हुने थिमि, नगदेश, बोदे, तिगनी, लोहकिन्थली, चखुंती बासीहरु प्रति हार्दिक आभार प्रकट गर्नचाहुन्छ । अन्तमा अध्ययनको क्रममा सँगसँगै हिंडेर, जानकारी संकलन गरेर सहयोग गर्नुहुने अध्ययनका सहयात्री साथीहरु बाबुकाजी सा:छें र रत्नकृष्ण श्रेष्ठ प्रति म कृतज्ञ छु।

प्रकाशक :

सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि, शंखधर चोक, फोन : ६६३३२४६

शंखधर बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-१३, शंखधर चोक, फोन : ५६३९१८७

ओसला बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-१३, दथुटोल, फोन : ६६३६५४५

विश्वास बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-७, बाहाखाबजार, फोन : ६६३८६३३

सहयोगी बचत तथा सेवा केन्द्र सहकारी संस्था लि.
मध्यपुर थिमि-१३, बालकुमारी, फोन : ६६३३४९५

बाबा बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-१३, शंखधर चोक, फोन : ५६३९४५९

शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-१४, शंखधर चोक, फोन : ५६३९१९१

मध्यपुर संचार समाज
मध्यपुर थिमि, भक्तपुर, फोन : ६६३३११६